म्यागङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट
२०७३
बागमती प्रदेश

**आ.व.: २०८३/०८४** **सुचना नं: ९०**

## रसुवा भोटेकोशी बाढीबाट वेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने सम्बन्धी सूचना !!

**मिति:२०८३/०६/२८**

मिति २०८३/०५/१० गते नेपाल-चीन सीमावर्ती क्षेत्र भोटेकोशी तथा त्रिशुली नदी आसपासका क्षेत्र विशेष गरी रसुवा, नुवाकोट तथा धादिङ जिल्लाको विभिन्न क्षेत्रमा आएको विनाशकारी बाढीका कारण मानवीय तथा भौतिक क्षति भएको व्यहोरा अवगत नै छ। उक्त बाढीबाट प्रभावित क्षेत्रहरुमा प्रभावित घरधुरी (लाभग्राही) पहिचान, दर्ता, प्रमाणीकरण सम्बन्धमा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण, सिहदरवार, काठमाडौं अन्तर्गत **मनसुन प्रतिकार्य कमाण्ड पोष्ट**को मिति २०८३ असोज २३ गते शुक्रबार बसेको बैठकको निर्णय बमोजिम उक्त बाढीमा ज्यान गुमाएका परिवारले वेपत्ता व्यक्ति यकिन गर्नका लागि तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित सम्बन्धित वडा कार्यालयमा मिति २०८३ कार्तिक ०१ गते (५ दिन) भित्र निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु:**

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि(नागरिकता वा राष्ट्रिय परिचय पत्र वा अन्य परिचय खुल्ने कागजात),
२. एकाघर परिवारका सदस्य नभएकाको हकमा सम्बन्धित वडाअध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहवरमा सोहि बाढीबाट वेपत्ता भएको यकिन गरि सर्जमिन मुचुल्का सहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने,
३. बेपत्ता व्यक्तिसंगको नाता प्रमाणित हुने कागजात,
४. स्वघोषणा पत्र,
५. निवेदकको नाम, ठेगाना र सम्पर्क नं.,
६. बेपत्ता व्यक्तिको फोटो (उपलब्ध भएसम्म)।

**नोट: बेपत्ता कायम गरि पाउँ भन्ने निवेदनको ढाचा र स्व-घोषणाको ढाचा सम्बन्धित वडा कार्यालयहरुमा प्राप्त गर्न सकिनेछ।**

-----------------
(कुमारलाल श्रेष्ठ)
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

क. श्री राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्रधिकरण, सिहदरवार, काठमाडौं।
ख. श्री जिल्ला विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति, नुवाकोट।
ग. श्री स्थानीय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन समिति, म्यागङ गाउँपालिका, नुवाकोट।
घ. श्री वडा कार्यालय, सबै, म्यागङ गाउँपलिका।

## निवेदनको ढाँचा

मितिः...../....../....

श्री वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यालय,
..................................पालिका।

### विषयः बेपत्ता कायम गरी पाऊँ।

उपरोक्त सम्बन्धमा मिति २०८३-०५-१० को रसुवा भोटेकोशी बाढीको समयमा...............प्रदेश ............जिल्ला....................पालिका........नं.वडा स्थायी ठेगाना भएका ..........................................को नाती /नातिनी /बुहारी. ..............................................................को छोरा /छोरी /बुहारी वर्ष...............को श्री ............................................... मिति २०८३-०५-१० गते ......................................स्थानमा ...............................................प्रयोजनको लागि रहनुभएको /जानुभएकोमा बाढीमा परी हालसम्म पनि बेपत्ता रहेकोले निजको नाम बेपत्ता व्यक्तिको सूचीमा सूचीकृत गराइदिनु हुन अनुरोध छ।

निवेदक

(नाम र सहीछाप)

**संलग्न कागजातहरू**

१. बेपत्ता व्यक्तिको परिचयपत्रको प्रतिलिपि (नागरिकता वा राष्ट्रिय परिचयपत्र वा अन्य परिचय खुल्ने कागजात)
२. एकाघर परिवारका सदस्य नभएकाको हकमा माथि खण्ड (क) को बुँदा नं. ३ मा उल्लेख भए बमोजिमको निवेदन।
३. बेपत्ता व्यक्तिसँगको नाता प्रमाणित हुने कागजात।
४. स्वघोषणा।
५. निवेदकको नाम, ठेगाना र सम्पर्क नम्बर
६. बेपत्ता व्यक्तिको फोटो (उपलब्ध भएसम्म)।

| दाँया | बाँया |
|---|---|
| | |

कार्यकारी प्रमुख

## स्वघोषणाको ढाँचा

मितिः ...../....../......

श्री वडा अध्यक्षज्यू,
.........वडा समितिको कार्यलय,
..................................पालिका

**विषयः स्वघोषणा ।**

रसुवा भोटेकोशी बाढीमा परी.................प्रदेश ......................जिल्ला.................................पालिका........नं. वडा स्थायी ठेगाना भएका ....................................................को नाति /नातिनी /बुहारी, ......................................................को छोरा /छोरी /बुहारी वर्ष............को मेरो .....................नाता पर्ने श्री ...................................................... मिति २०८३-०५-१० गते ..............................................स्थानमा बेपत्ता भई सम्पर्कमा नरहेको बेहोरा अनुरोध छ। निजको बेपत्ताको कारण भोटेकोशी रसुवा बाढीबाहेक अन्यथा नरहेको बेहोरा स्वघोषणा गर्दै पेश भएका विवरणहरू झुठो ठहरिएमा कानून बमोजिम सहने बुझाउने छु।

निवेदक
(नाम र सहीछाप)

| दायाँ | बायाँ |
| --- | --- |
| | |

नेपाल सरकार
गृह मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यकारी प्रमुख